जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - ११३ ❑ २०८३ वैशाख १० गते बिहीबार ❑ Thursday, 23 April 2026 ❑ मूल्य ७ /-



## जारी रहुन् सरकारका सकारात्मक काम

राजेश ढुंगाना

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



## विदेश पढ्न जाने विद्यार्थीको आकर्षण

# अरबौं रुपैयाँ बाहिर जाँदै

पूर्वसन्देश समाचार

**दमक/** नेपालबाट उच्च शिक्षा अध्ययनका लागि विभिन्न देशमा जाने क्रम उच्च रहे पनि नेपालमा समेत विदेशी विद्यार्थीहरु आउने गरेका छन्। साथै यो संख्या अघिल्लो वर्षको तुलनामा बृद्धी समेत भएको छ।

यस वर्षको आठ महिनामा विदेशी विद्यार्थीले नेपालमा अध्ययनका लागि ४ अर्ब १० करोड रुपैयाँ बराबरको विदेशी मुद्रा मुलुक भित्र्याएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस शीर्षकमा नेपालले ३ अर्ब ५ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा भित्र्याएको थियो। नेपालमा लामो समयदेखि राजनीतिक अस्थिरता बढ्दै गएको, आर्थिक विकासका लागि राज्यस्तरबाट प्रभावकारी काम हुन नसकेको, रोजगारीका नयाँ अवसर सिर्जना नभएको लगायत कारण अध्ययनका नाममा नेपालबाट बाहिरिने युवाको संख्या बढिरहेको सरकारी प्रतिवेदनहरूले देखाएका छन्। सरकारी तथ्यांकहरूले नै कोभिड संक्रमणपछि विदेशमा अध्ययनका लागि नेपालबाट बाहिरिने रकम निरन्तर बढ्दै गएको देखाएको छ।

हाल म्यानमार, भुटानलगायत देशबाट नेपाली मूलका धेरै विद्यार्थी थाइल्यान्ड आउने गरेका छन्। यसरी चालु वर्षको आठ महिनामा विदेशमा अध्ययनका लागि नेपालबाट बाहिरिएको रकमबाट विदेशी विद्यार्थीमार्फत नेपाल भित्रिएको रकम घटाउँदा खुद ९२ अर्ब ८९ करोड ९३ लाख रुपैयाँ नेपालबाट बाहिरिएको देखिन्छ। गत आर्थिक वर्ष यस्तो रकम ८५ अर्ब ८६ करोड ४५ करोड रुपैयाँ थियो। आर्थिक वर्ष २०८१/८२ मा अध्ययनका लागि मुलुकबाट १ खर्ब ३८ अर्ब ४८ करोड रुपैयाँ बाहिरिएको थियो। यस्तो रकम हरेक पछिल्ला वर्षमा बढिरहेको छ।

### विदेशिने रकम भने उच्च

नेपालबाट विदेशमा अध्ययनका लागि जाने खर्च वर्षेनी वृद्धी हुँदै गएको पाईएको छ। नेपालमा उच्च शिक्षा अध्ययनका लागि विभिन्न विश्वविद्यालय र अन्तर्राष्ट्रिय स्तरका कलेजहरु भए पनि अध्ययनकै लागि भनेर ८ महिनामा ९३ अर्व भन्दा बढि रकम बाहिरिएको छ। यो गएको आठ महिना (साउन-फागुन) मा औपचारीक माध्यमबाट गएको मात्र रकम हो।

यस अवधीमा वैदेशिक अध्ययनमा ९३ अर्ब ८९ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा बाहिरिएको हो। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा वैदेशिक अध्ययनमा बाहिरिने रकम करिब ८ प्रतिशतले बढेको हो। यस

## गृहमन्त्री गुरुङले दिए राजिनामा



**दमक/** गृहमन्त्री सुधन गुरुङले पदबाट राजीनामा दिएका छन्। व्यापारी दीपक भट्टसँग सेयर लगानी लगायतका विषयमा उठेका प्रश्न र टिप्पणीहरूलाई सम्बोधन गर्दै उनले नैतिकताको आधारमा राजीनामा दिएको घोषणा गरेका हुन्। गुरुङले सामाजिक सञ्जाल फेसबुकमा जारी गरेको वक्तव्यमा बुधबारबाट लागू हुने गरी पद त्यागेको घोषणा गरेका हुन्।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकार बनेको २६ दिनमै २ मन्त्री बाहिरिएका छन्। उनीहरूको कार्यशैली र व्यक्तिगत अपारदर्शी शैलीका बारेमा विभिन्न बाँकी ४ पेजमा ▸▸

## दमक-३ वडा कार्यालय तोडफोड

**दमक/** झापाको दमक ३ वडा कार्यालयमा मंगलबार राती तोडफोड भएको छ। वडा अध्यक्ष नविन बरालका अनुसार उनीहरूले कार्यालयभित्र राखिएको एक थान कम्प्युटरको सिपियुमा क्षति गर्नुका साथै दराजहरू तोडफोड गरेका छन्। यस्तै, कार्यालयका सबै कोठामा रहेका कागजातहरू छरपस्ट पारिएको अवस्थामा भेटिएको थियो। अज्ञात व्यक्तिहरूले कार्यालयको चेनगेटको ताला फुटाएर बाँकी ४ पेजमा ▸▸

## सहकारीका ऋणीलाई अल्टिमेटम

**दमक/** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले समस्याग्रस्त सहकारीको ऋण तिर्न १५ दिनको समय सीमा दिएको छ। त्यस समय भित्र ऋण नतिरे सम्पत्ती लिलाम गरेर भए पनि असुल गरिने चेतावनी दिईएको छ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले पूर्णता पाएसँगै मन्त्रालयले त्यस्ता सहकारीबाट ऋण लिएका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, कर्मचारी, जमानीका नाममा १५ दिने सूचना निकालेको हो।

ऋण चुक्ता नगरेमा ऋणी तथा जमानीको समेत सम्पत्ति रोक्कादेखि धितो लिलाम गर्ने चेतावनी दिएको छ। पटक-पटक जानकारी गराउँदा पनि अहिलेसम्म ऋण चुक्ता गर्न बाँकी रहेका ऋणीहरूले बुझाउनुपर्ने ऋणको साँवा, व्याज तथा हर्जानासमेत नबुझाएको हुँदा १५ दिनभित्र सम्पर्क गरी आ´नो हरहिसाब लिई रकम बुझाउन भनिएको छ। साथै १५ दिनभित्र ऋण फरफारक नगरे ऋणी, उसको परिवार र जमानीको नामसहितको विवरण सार्वजनिक गर्ने तथा उनीहरूको नाममा रहेको सम्पत्ति र खाता रोक्का गर्ने सूचनामा उल्लेख छ। ऋण असुलीसँगै बचत फिर्तालाई अगाडि बढाउने मन्त्रालयको तयारी छ।

## रोकिएन मणिपुरको हिंसा

**एजेन्सी/** भारतको पूर्वोत्तर राज्य मणिपुर पछिल्लो तीन सातादेखि जारी हिंसाका कारण आशान्त बनेको छ।

यहाँको पछिल्लो हिंशामा परि सात जनाको मृत्यु भएको छ। पछिल्लो समय उखरूल र कामजोंग जिल्लामा पनि हिंसा फैलिँदै गएको छ। बाँकी ४ पेजमा ▸▸

## विद्यालय भर्नाको प्रचार गर्ने सिटीसफारी नियन्त्रणमा

**झापा/** सरकारको निर्देशनविपरित विद्यालय भर्ना खुलेको विज्ञापन गरिरहेको एउटा सिटी सफारी प्रहरीले नियन्त्रणमा लिएको छ। मंगलवार बिहान ८बजे अर्जुनधारा २ र ३को सिमाना फाल्गुनन्द चोकमा प्रतिभा नमुना अग्रेजी विद्यालयको भर्ना सम्बन्धी बिज्ञापन गरिरहेको अबस्थामा सो सिटी नियन्त्रणमा लिइएको हो।

अर्जुनधारा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनोजकुमार घिमिरेले फोनमार्फत जानकारी गराएपछि अस्थायी प्रहरी चौकी खुदुनाबारीबाट खटिएको प्रहरी टोलीले उक्त सिटी नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

## अटो र मोटरसाइकल ठोक्किदा एकको मृत्यु

**झापा/** झापाको कन्काई नगरपालिकामा अटो र मोटर साइकल एकापसमा ठोक्किदा एकजनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्। मंगलवार बिहान ११:३० बजे कन्काई नगरपालिका ३ नयाँबस्तीस्थित पूर्व-पश्चिम राजमार्गमा बिर्तामोडबाट सुरुङ्गातर्फ जाँदै गरेको अटो अनियन्त्रित भइ बिपरित दिशाबाट आउँदै गरेको मोटरसाइकलसंग ठोक्किएको थियो।

दुर्घटनामा अटोमा सवार हल्दिबारी ३ बस्ने बर्ष ६८ की मन्जुधरी ढकालको मृत्यु भएको हो। टाउकोमा चोट लागेर गम्भीर घाइते भएकी ढकालको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारका क्रममा दिउँसो ४;३५ बजे मृत्यु भएको प्रहरीले जनाएको छ। मृतकको लास सोही अस्पतालमै रहेको छ।

## बिराटनगरमा फुटपाथ खाली गर्ने नपाको कडा सूचना

**बिराटनगर/** विराटनगर महानगरपालिकाले बजार क्षेत्रको अव्यवस्थित फुटपाथ र सडक अतिक्रमण बैशाख १० गते भित्र हटाई सक्न अल्टिमेटम दिएको छ। आफैंले अतिक्रमित क्षेत्र खालि नगरे त्यस भागमा रहेका संरचना हटाउन आगामी वैशाख ११ गतेदेखि विशेष अभियान सुरू गर्ने महानगरले जनाएको छ।

महानगरका प्रमुख नागेश कोइरालाको अध्यक्षतामा बसेको सरोकारवाला निकायहरूको बैठकले मुख्य बजार र आसपासका क्षेत्रलाई व्यवस्थित बनाउन कडाइका साथ नियम लागू गर्ने निर्णय गरेको हो।

महानगरले अभियानको सुरूवाती दुई दिन (वैशाख ९ र १० गते) माइकिङमार्फत व्यवसायी र सर्वसाधारणलाई सचेत गराउनेछ। त्यसपछि वैशाख ११ गतेदेखि भने पूर्ण रूपमा कार्यान्वयन र नियम उल्लंघन गर्नेमाथि कारबाही प्रक्रिया अघि बढाइने रणनीति तय गरिएको छ। नगर प्रहरी प्रमुख राजन पौडेलका अनुसार अबदेखि बजार क्षेत्रमा पसलको सटर बाहिर कुनै पनि व्यापारिक सामग्री राख्न पाइने छैन। सडकपेटीमा निर्माण सामग्री थुपार्न निषेध गरिएको छ।

यस्तै मोटरसाइकल ग्यारेजका सामानहरु बाहिर निकाल्न पाइने छैन। कवाडी व्यवसाय सञ्चालनका लागि तोकिएको न्यूनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्ने उनले जनाए। फुटपाथ व्यवस्थापनसँगै पार्किङ र ट्राफिक जामको समस्या हल गर्न महानगरले एक उच्चस्तरीय समितिसमेत गठन गरेको छ। सरसफाई शाखा प्रमुख पुनमकुमार दाहालको संयोजकत्वमा बाँकी ४ पेजमा ▸▸

## सुदन किराती प्रलोपाबाट अलगिए

**दमक/** प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का नेता सुदन किरातीले पार्टीको साधारण सदस्य समेत नर हने गरी राजीनाको घोषणा छन्। बुधबार सामाजिक सञ्जाल फेसबुकमार्फत उनले पार्टीसँगको करिब ५ महिना लामो यात्रा टुङ्ग्याएको घोषणा गरेका हुन्।

किरातीले यस अवधिमा मार्गदर्शन गर्ने नेताहरु, सहकार्य गर्ने साथीहरु र कर्मचारीहरुप्रति हार्दिक धन्यवाद व्यक्त गरेका छन्। उनले पार्टीमा बिताएको ५ महिनाको अनुभवलाई 'अमूल्य सम्पत्ति' को रुपमा आत्मसाथ गरेको बताएका छन्। फेसबुक स्टाटसमा उनले लेखेका छन्, 'संगठनसँगको औपचारिक सम्बन्ध अन्त्य भएपनि आगामी दिनहरुमा आपसी सम्मान, सद्भाव बाँकी ४ पेजमा ▸▸

## सागको मुठाभित्र लागुऔषध

**दमक/** झापामा लागु औषध कारोबारीले अनेक जुक्ति निकालेर लागु औषध भित्र्याउने गरेको पाइएको छ। नयाँ जुक्तिका क्रममा सागको मुठा भित्र लुकाएर पनि लागुऔषध ल्याउने गरेको पाईएको हो। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार भद्रपुर नगरपालिका-५ स्थित मेची पुल क्षेत्रमा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेकी ५० वर्षीया खैरुन खातुनलाई शङ्का लागेर जाँच गर्दा लागु औषध फेला परेको छ।

मङ्गलबार साँझ खातुनलाई बाँकी ४ पेजमा ▸▸

## दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

### सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमका लागि आवश्यक जनशक्ति करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०१/०९)

दमक नगरपालिकामा सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगार सम्बन्धी सचेतिकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसार को जनशक्ति आवश्यक परेको हुँदा योग्य अनुभवी नेपाली नागरिकहरुवाट तल उल्लेखित पदका लागि १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयको सामाजिक विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

| | |
|---|---|
| **माग गरिएको पद:** | ✦मनोसामाजिक परामर्शकर्ता १ जना |
| **कार्यअवधि:** | ✦हाललाई २०८३ असाढ मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्नेछ। |
| **दरखास्त दिने अन्तिम मिति:** | ✦ २०८३/०१/ २४ गते कार्यालय समयभित्र। सो दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट आवेदन बुझाउन सकिने छ। |
| **उमेरको हद:** | ✦महिला:- २१ वर्ष भई ४० वर्ष ननाघेको । ✦पुरुष:- २१ वर्ष भई ३५ वर्ष ननाघेको |
| **आवेदन दस्तुर:** | ✦रु. १००० (एक हजार मात्र)। |
| **तलब तथा सुविधा** | ✦कार्यक्रमको नियम अनुसार |
| **परीक्षाको किसिम:** | ✦लिखित, प्रयोगात्मक र अन्तर्वार्ता |

लिखित तथा प्रयोगात्मक परीक्षाको पाठ्यक्रम, अन्तर्वार्ता परीक्षाको अङ्क विभाजन तथा परीक्षा सञ्चालन प्रक्रिया सम्बन्धी सम्पूर्ण विवरणहरु यस नगरपालिकाको वेबसाइट www.damakmun.gov.np, फेसबुक पेज **www.facebook.com/mundamak** मा राखिएको छ। साथै माथि उल्लेखित विवरणहरु एवम् यस विज्ञापनसँग सम्बन्धित अन्य कुनैपनि जानकारीका लागि दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापाको सामाजिक विकास शाखामा सम्पर्क राख्न सक्नुहुनेछ।

## दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

### सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

मिति: २०८३।०१।०७

दमक नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा भए गरेका काम, कारवाही, सेवा प्रवाह लगायतका विषयमा तपसिलको मिति, स्थान र समयमा सार्वजनिक सुनूवाई कार्यक्रम आयोजना गरिएको हुँदा उक्त कार्यक्रममा उपस्थिति भइदिनुहुन सम्पुर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, सार्वजनिक सेवा प्रवाह गर्ने सवै कार्यलयका प्रमुख तथा प्रतिनिधिहरु, गैरसरकारी संघसस्था, टोल विकास संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, उपभोक्ता समिति, स्थानीय बुद्धिजीबीहरु, स्थानीय सुरक्षा निकाय, नागरिक समाज, पत्रकार तथा सम्पुर्ण नगरवासी र सरोकारवालाहरु सम्बन्धित सबैमा दमक नगरपालिका हार्दिक अनुरोध गर्दछ।

**सार्वजनिक सुनूवाई हुने मिति, स्थान र समय**

- ✦ मिति: २०८३/०१/११ गते शुक्रवार
- ✦ स्थान: दमक नगरपालिकाको प्राङ्गण
- ✦ समय: बिहान ११ बजे

## हिमालय माध्यमिक विद्यालय दमक झापाको

### बोल पत्र स्वीकृत हुने आसयको सूचना

मिति: २०८३।०१।०९

यस विद्यालयको मिति २०८२।१२।११ गते पूर्वसन्देश दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार म्यादभित्र रितपूर्वक पेश भएका बोलपत्रहरुमध्ये न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्र दाताको बोलपत्र सार्वजकि खरिद ऐन २०६३ (२७) को उपदफा (२२३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सिन | बोलपत्र नं. | बोलपत्रदाताको नाम | कवोल अंक (मु.अ.करसहित) |
|---|---|---|---|
| | HSS/ICT/01/2082-2083 | श्री Inventx Techno Trade Damak, Jhapa | १९,६१,१६७।०० |

## सम्पादकीय

# उत्पादन बढाउने कि अझै परनिर्भर बन्ने ?

नेपाल कुनै समय खाद्यान्नमा आत्मनिर्भर मात्र होइन, निर्यात गर्ने देशको रुपमा परिचित थियो। विशेषगरी धान र चामल जस्ता मुख्य अन्न विदेशसम्म पुग्थे । तर पछिल्ला केही दशकमा परिस्थिति निकै फेरिएको छ । आज नेपालले वर्षेनी ठूलो मात्रामा धान, चामल, मकै, कोदो जस्ता अन्न मात्र होइन, लसुन, प्याजदेखि विभिन्न मसला समेत आयात गर्नुपर्ने अवस्था आएको छ । यसले देशको आर्थिक भार बढाउनुका साथै परनिर्भरता पनि गहिरो बनाउँदै लगेको छ । यस्तो अवस्था आउनुका पछाडि विभिन्न कारणहरु छन् । ग्रामीण क्षेत्रबाट शहरतिरको बसाइँसराइ, खेतीयोग्य जमिन बाँझो रहनु, युवाहरुको वैदेशिक रोजगारीतर्फ आकर्षण, र उपभोगवादी जीवनशैलीको बढ्दो प्रभाव प्रमुख कारण हुन् । मानिसहरु आफैं उत्पादन गर्नुभन्दा बजारमा किन्न सजिलो मान्न थालेका छन् । परिणामस्वरुप, सानो प्रयासमा उत्पादन गर्न सकिने लसुन, प्याज जस्ता उपज समेत आयात गर्नुपर्ने स्थिति सिर्जना भएको छ ।

वास्तवमा, यस्ता तरकारीहरु घरको करेसाबारी, कौशीखेती वा गमलामा समेत सजिलै उत्पादन गर्न सकिन्छ । स्थानीय तह तथा कृषि सम्बन्धी निकायहरुले यस्ता खेती प्रणालीबारे विभिन्न तालिम र प्रशिक्षण पनि दिँदै आएका छन् । तर ती तालिमहरुको प्रभावकारिता अपेक्षाअनुसार देखिएको छैन । सिकेको ज्ञान व्यवहारमा उतार्न नसक्नु, निरन्तरता नहुनु, तथा बजारसँगको समन्वय अभावजस्ता समस्याहरु यसका कारण हुन सक्छन् । त्यसैले अब यस्ता कार्यक्रमहरुको समिक्षा गरी व्यवहारिक र परिणाममुखी बनाउन आवश्यक छ ।

यसैगरी कृषिको आधुनिकीकरण र व्यवसायीकताका लागि राज्यका तर्फबाट वर्षेनी करोडौं खर्च पनि हुने गरेको छ । त्यसको परिणाम के आई रहेको छ ? यसको पनि समिक्षाको आवश्यकता देखिन्छ । लोकप्रियताका लगानी गरि रहने तर लक्षित वर्गमा नपुग्ने, पुगे पनि परिणाम ननिस्कने अवस्था देखिएको भएमा त्यसलाई सच्याउन पनि जरूरी छ । नेपालमा पर्याप्त जमिन, उपयुक्त हावापानी र कृषिका लागि आवश्यक ज्ञानको सम्भावना हुँदाहुँदै पनि उत्पादन घट्नु चिन्ताजनक विषय हो । यस अवस्थालाई सुधार गर्न व्यक्तिगतरुपमा सानो स्तरबाटै खेती सुरू गर्ने बानी विकास गर्नुपर्छ। साथै, सरकारले व्यावसायिक कृषि प्रवर्द्धनका लागि स्पष्ट नीति, सहुलियत ऋण, अनुदान, प्राविधिक सहयोग, आधुनिक उपकरण र प्रभावकारी बजारीकरणको व्यवस्था गर्नुपर्छ ।

कम्तिमा आत्मनिर्भर कृषि प्रणालीतर्फ उन्मुख हुन सके मात्र नेपालले खाद्यान्न आयातमा निर्भरता घटाउन सक्छ । यसका लागि सरकार, समुदाय र व्यक्तिगत प्रयास सबैको समन्वय अपरिहार्य छ । आत्मनिर्भर समेत नभई आयात प्रतिष्थापनको लक्ष्य निर्धारण व्यवहारमुखी हुँदैन । त्यसैले लक्ष्य निर्धारण गर्दा समेत व्यवहार र परिणामुखी हुन आवश्यक देखिन्छ ।

# जारी रहुन् सरकारका सकारात्मक काम



राजेश ढुंगाना

विगत ३० वर्षदेखि राजनीतिक नेतृत्वको भ्रष्ट र अनैतिक कर्मका कारण नेपाली जनता निराश थिए । निराश मात्र पनि होइन, चरम निराश थिए । स्थिति यस्तो थियो कि, अब मुलुक कहिल्यै बन्दैन, जो आए पनि उस्तै हो, यस्तै हो भन्ने टुङ्गोमा जनता पुगेका थिए । शासकहरू निर्लज्जतापूर्वक नाङ्गो नाचमा थिए ।

लोकतन्त्रमा जनप्रतिनिधिले 'शासन' गर्ने होइन, 'सेवा' गर्ने सामान्य हेक्का समेतलाई बिर्सेर नेपालको राजनीतिक नेतृत्व केवल अनैतिक किसिमले धनार्जनमा मात्र सीमित भयो । कुनै पर्दा नराखी, हाक्काहाक्की ! तर, अचानक भएको जेन-जेड क्रान्तिले त्यो चरम निराशाको स्थितिलाई अचानक नै बदल्यो । आशाको सानो नै सही, दीप बल्यो । मुलुकलाई सदैव दोहन गरिरहन कसैले पाउँदैन र सक्दैन भन्ने कुरा देखा पर्‍यो । हो... क्रान्तिको एउटा लामो प्रक्रिया हुन्छ । तर, नेपालमा केवल २ दिनको जेन-जेड क्रान्तिले राजनीतिक नेतृत्वको दशकौंदेखिको बदनियतले जर्जर बनेको देशको अवस्था अनपेक्षित रुपमै बदलिदियो । १-२ दिनमै क्रान्तिले यसरी सफलता पाएको पनि विश्वमा यो एउटा अपूर्व उदाहरण नै हो ।

त्यसपछि जेन-जेड क्रान्तिको जगमा बनेको सुशीला कार्की नेतृत्वको सरकारले केही आशाको धिपधिपे बाल्यो । जनतामा राजनीति र नेतृत्वसँग सम्पूर्णमा मरिसकेको आशा पुनर्जीवित हुनु पनि नेपालको ठूलो उपलब्धि मान्नु पर्छ । कम्तीमा पनि ६ महिना हिजोअस्तिसम्म सत्तामा म्युजिकल-चेयर खेलिरहेका कांग्रेस र अनेकथरि कम्युनिष्टहरूको साइनबोर्डधारी नेतागणले भ्रष्टाचार गर्न त पाएनन् ।

अर्थात्, जेन-जेड क्रान्ति र त्यसपछिको अन्तरिम सरकारले जनतामा सम्पूर्ण रूपले मरिसकेको आशा एकपटक फेरि बौरायो । निराशामा गएको राष्ट्र समाप्ति वा छिन्नभिन्न हुने प्रबल सम्भावना रहन्छ । तर, जेन-जेड क्रान्ति र अन्तरिम सरकारले त्यो दुःखद परिस्थितिलाई किनाराकृत गर्‍यो ।

त्यसपछि अन्तरिम सरकारले तोकिएकै समयमा आम निर्वाचन गर्न सक्नु र हुनु पनि राष्ट्रको अर्को उपलब्धि र सफलता हो । अन्त अरूतिर जानु पर्दैन, यति छोटो समयमा आम निर्वाचन सम्पन्न भएको उदाहरण हाम्रै मुलुकमा पनि छैन ।आम निर्वाचनमा कांग्रेस र कम्युनिष्टहरूलाई, जो निरन्तर सत्ताको रजाइँ र दाइँमा थिए, लगभग सम्पूर्णतः दुत्कार्दै केवल ३ वर्षअघि स्थापित नयाँ दल 'राष्ट्रिय स्वतन्त्र पार्टी'लाई नेपाली जनताले प्रचण्ड र ऐतिहासिक बहुमत दिए । यो नेपाली जनताले परिवर्तनको पक्षमा गरेको मतदान मात्र होइन, 'मनदान' पनि हो ।

बल अब राष्ट्रिय स्वतन्त्र पार्टी र त्यसमा पनि विशेषगरी बालेन शाह एवम् रवि लामिछानेको कोर्टमा छ । के अब उनीहरूबाट नयाँ र स्वच्छ राजनीति सम्भव छ ? - यही प्रश्नमा अबको नेपाली राजनीति अड्केको छ । रवि र बालेनहरूले केवल यही प्रश्नको सकारात्मक जवाफ जनमैत्री कामैले दिन सकेमात्र नेपाली जनताको मरिसकेको आशा पूर्णतः ब्यूँतिने छ । त्यसपछि देश बन्ने कुरा त क्रमशः र स्वतः हुन थालिहाल्छ ।

जेन-जेड क्रान्तिको म्याण्डेटबाट नवगठित यो बहुमतप्राप्त सरकारका प्रारम्भिक कामहरू भने सकारात्मक छन् । एक महिना पनि नपुग्दै यो सरकारले गरेका कामहरू र गर्ने कामहरूको जुन प्रस्ताव गरेको छ; त्यो हेर्दा सहजै अनुमान गर्न सकिन्छ- हो... अब पक्कै केही हुन्छ । यो आशा र विश्वास आर्जन नै पनि सानो उपलब्धि होइन ।

मृततुल्य राष्ट्रमा 'जीवन'को सञ्चार दिने जुन काम वर्तमान सरकारले गर्दैछ, त्यो पनि ऐतिहासिक नै छ । यद्यपि पुराना फोहोर साफ गर्न सजिलो छैन । तर, त्यो असजिलोलाई सजिलो पार्न सक्नु नै वर्तमान रास्वपा नेतृत्व सरकारको मूल काम हो - जुन उसले गर्नैपर्ने छ । यो सरकारले पाएको म्याण्डेट पनि त्यसैका लागि हो ।

यसमा पुरातन शक्तिहरू अर्थात् कांग्रेस-कम्युनिष्ट प्रभृत्तिबाट पूर्णतः असहयोग हुने नै छ । नयाँ कुरालाई उनीहरूले स्वीकार्न सकिरहेका छैनन्, चाहेका नै छैनन् । त्यसमाथि उनीहरूको खाइन-पाइन जो हराएको छ । यस विषयमा यो सरकार सचेत मात्र भए पुग्छ । आफ्नो काम दनादन गरे त्यस्ता छिर्के लाउनेहरूको केही लाग्दैन । ती आफूहरू पनि केही नगर्ने र अरूलाई पनि गर्न नदिने तत्वहरूको कथित आन्दोलन र प्रतिरोध 'टायँटायँफिस्' हुनेछ । जनता विपक्षमा रहेका तिनका कथित आन्दोलन वास्तवमा आन्दोलन नै होइन, अरण्य रोदन मात्र हो र हुनेछ ।

# रक्षात्मक बन्दै कम्युनिष्ट आन्दोलन



केशवराज पौडेल

नेपाल कम्युनिस्ट पार्टीको ७७ औं स्थापना दिवसका अवसरमा देशभरका कम्युनिस्ट पार्टीले बुधबार विविध कार्यक्रम आयोजना गर्दै छन् । विभिन्न उतारचढाव पार गर्दै आएको नेपालको कम्युनिस्ट आन्दोलनले पछिल्लो आमनिर्वाचनपछि ठुलो धक्का खाएको छ ।

कम्युनिस्ट पार्टीहरूले संसदीय राजनीतिमा हासिल गरेका उपलब्धिलाई संस्थागत गर्न नसक्दा तथा नेतृत्वको उच्च महत्वाकाङ्क्षाका कारण अहिलेको अवस्था आएको पुराना कम्युनिस्ट अगुवा रामप्रसाद अधिकारीले बताउनुभयो । "'नेताभित्रको अह्मता र गल्ती गरेपछि माफी माग्नु पर्दैन भन्ने अतिवादी चिन्तनले कम्युनिस्ट पार्टी पछिल्लो नतिजा स्विकार्न बाध्य भएको हो," उहाँले थप्नुभयो, "सच्चिने वा सक्किने भन्ने अवस्थामा कम्युनिस्ट आन्दोलन पुगेको छ ।"

विसं २००६ मा पुष्पलाल श्रेष्ठको अगुवाइमा स्थापना भएको कम्युनिस्ट पार्टीमा फुट र एकताको शृङ्खला अझै रोकिएको छैन । यसले पार्टी मात्र नभई समग्र आन्दोलनलाई नै कमजोर बनाएको ज्येष्ठ नेताको भनाइ छ । अहिले नेपालमा कति वटा कम्युनिस्ट पार्टी छन् भन्ने यकिन सङ्ख्यासमेत गर्न कठिन भएको उनीहरूको दाबी छ ।

स्थापनाकालदेखि नै विचार र नेतृत्वगत विवादमा परेको कम्युनिस्ट आन्दोलनमा एकता र विभाजनको चक्र निरन्तर दोहोरिँदै आएको छ । पुष्पलाल श्रेष्ठले २००५ चैत २३ गते 'कम्युनिस्ट घोषणापत्र' को नेपाली अनुवाद प्रकाशित गर्नुभएको थियो भने २००६ वैशाखमा भारतको कोलकातामा पार्टी स्थापना भएको मानिन्छ ।

पार्टीका संस्थापकमा पुष्पलाल श्रेष्ठसहित नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य र नारायणविलास जोशी रहेका थिए । २०१९ सालमा केशरजङ्ग रायमाझीको भूमिकाबाट पहिलो ठुलो विभाजन भएको थियो । त्यसयता फुट र एकताको क्रम जारी छ । निर्वाचन आयोगमा हाल कम्युनिस्ट नाममा दर्ता भएका पार्टी १४ वटा छन्; जुन कुल दलको १०.२९ प्रतिशत हो । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले "कम्युनिस्ट पार्टी नामको पसल खोल्ने प्रवृत्ति नरोकिएको" टिप्पणी गर्नुभयो । यसैबिच नेपालका पुराना र ठुला कम्युनिस्ट पार्टी नेपाल कम्युनिस्ट पार्टी (एमाले ) र नेपाली कम्युनिस्ट पार्टी ( नेकपा) केन्द्रबिच पुनः एकताको चर्चा चुलिँदै गएको छ ।

एमाले नेता प्रदीप ज्ञवालीले तत्काल वाम एकताभन्दा पनि आत्मसमीक्षा, सुधार र पुनर्गठन आवश्यक रहेको बताउनुभयो । उहाँले वर्तमान चुनौती केवल कम्युनिस्ट आन्दोलनभित्र सीमित नरहेको उल्लेख गर्दै लोकतान्त्रिक प्रणाली, सामाजिक न्याय र संस्थागत व्यवस्थामाथि समेत दबाब बढ्दै गएको उल्लेख गर्नुभयो ।

नेकपा (एकीकृत समाजवादी) का महासचिव घनश्याम भुसालले प्रमुख वामपन्थी दल सुधारिए दुई वर्षभित्रै एकता सम्भव हुने धारणा राख्नुभयो । उहाँले माओवादी केन्द्रले माओवाद र एमालेले व्यक्तिपूजाबाट माथि उठ्नुपर्नेमा जोड दिनुभयो । कम्युनिस्ट आन्दोलनभित्र देखिएको विभाजन, वैचारिक अस्पष्टता र नेतृत्वगत टकरावबिच ७७ औं स्थापना दिवस मनाइँदै गर्दा आत्मसमीक्षा र पुनर्गठनको आवश्यकता झनै प्रस्ट हुँदै गएको पुराना वामपन्थी विश्लेषक रामहरि नेपालले उल्लेख गर्नुभयो । उहाँले स्थापना दिवस ऐतिहासिक भए पनि मूल उद्देश्य पूरा हुन नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

एमालेबाट फुटेर बनेको नेकपा समाजवादी अनि त्यसपछि पुनः एकीकरण भएर बनेको कम्युनिस्ट पार्टीका पछिल्ला अवस्थालाई सूक्ष्म ढङ्गले नियाल्ने हो भने पार्टीबिच कसैसँग पनि वैचारिक र सैद्धान्तिक मतभेद पाइँदैन । केवल व्यक्तिगत बदलाको भाव प्रस्ट झल्किन्छ । गत फागुनमा भएको आमनिर्वाचनपछि सबैको आआफ्नो हैसियत पनि प्रदर्शन भइसकेको अवस्था छ । परिणामस्वरूप एमाले दोस्रो ठुलो दलबाट तल झरेर सानो दलका रूपमा तेस्रो दल बन्न पुगेको छ । धेरै दल मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी खुम्चिएर सानो आकारको चौथो दल बनेको छ ।

## सामाजिक सञ्जाल

# सार्वजनिक शैक्षिक संस्था किन कमजोर ?



धर्मराज न्यौपाने

नीजि शैक्षिक संस्थाका धेरै शिक्षकसंग न लाइसेन्स हुन्छ, न कुनै आयोग पास गरेका हुन्छन् न त सरकारले तोकेको न्युनतम तलब सुविधा पाएका हुन्छन्, उनिहरूले आफ्नो विषयको परीक्षामा शत प्रतिशत उत्तीर्ण गराउने ल्याकत राख्छन् तर यसको ठिक विपरीत सार्वजनिक शैक्षिकसंस्थामा सबै हुन्छ तैपनि रिजल्ट भनेजस्तै नहुनुको कारण के रैछ ?

**म, पूर्व शिक्षकलले देखेको कारणहरू:-**

१. विद्यालय व्यवस्थापन समितिमा अति दलीयकरण,
२. प्रधानाध्यापक खुला प्रतिस्पर्धाबाट नछानिनु,
३. निशुल्क भनेर अभिभावकको केयरलेस,
४. विद्यार्थी अनुशासन शुन्यमा हुनु,
५. शिक्षकले चेन अफ कमान्डमा बस्न नमान्नु,
६. शक्ति र सत्ताको आडमा जथाभावी शिक्षक नियुक्ति गर्नु,
७. विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई पाठ्यक्रम सम्बन्धी सामान्य जानकारी नहुनु ।

# सिँचाई पुगेपछि तीन बाली खेती

**धरान/** सुनसरीको वराहक्षेत्र नगरपालिका-७, देवीघाट टोलमा भुमिगत सिंचाई सुविधा पुगे पछि किसानले राहत महसुस् गरेका छन् । सप्तकोशी भूमिगत सिँचाइ जल उपभोक्ता समितिमार्फत डिप ट्युबेलबाट खेतमा सिँचाइ सुविधा पाएपछि किसानले हिउँदे तरकारी र अन्य बाली लगाउँदै आएको उपभोक्ता समितिका अध्यक्ष कमलबहादुर कटुवालले बताएका छन् । उनका अनुसार १७ वटा बोरिङ मेसिन विद्युतीय लाइनबाट चल्दै आएका छन् । पहिला सिँचाइको व्यवस्था नहुँदा धान रोप्न पनि आकासे पानीकै भर पर्नु पर्दा धेरैको बारी बाँझै रहने अवस्था पनि थियो । तर भूमिगत सिँचाइको व्यवस्था भएपछि यही खेतबारीमा तीन बालीसम्म उत्पादन हुन थालेको उनको भनाई छ ।



सिँचाइ सुविधा नहुँदा हिउँदमा बाली सुक्ने गर्थ्यो । सिँचाइ भएपछि खेती गर्न उत्साह बढेको बोरिङ नम्बर ७ का संयोजक खेमराज कार्कीले बताए । उनका अनुसार प्रतिघण्टा ३० रुपियाँ लिएर समितिमार्फत सिँचाइ वितरण सुविधा उपलव्ध हुने गरेको छ ।

खेत खेतमै पु-याइएको आउट सेटमार्फत एक सय बिघाभन्दा बढी क्षेत्रफलमा सिँचाइ सुविधा पुग्दै आएको छ । भूमिगत जलस्रोत सिँचाइ विकास डिभिजन कार्यालय विराटनगरले उपभोक्ता समितिमार्फत सञ्चालनमा ल्याएको सिँचाइ प्रभावकारी बनेको सप्तकोशी भूमिगत सिँचाइ जल उपभोक्ता समितिका अध्यक्ष कमल कटुवालले बताए । देवीघाट, क्याम्पा, सोमबारे, निर्माण चोक, धिमाल चोक, भिगभ्कोडालगायतका क्षेत्रमा सिँचाइ सुविधा पुग्दा किसानलाई राहत भएको छ । उक्त क्षेत्रमा कुलोपैनीको पानी नलाग्दा सिजन अनुसारका बाली लगाउन किसानलाई गाह्रो हुने गरेको थियो । सिँचाइ भएपछि किसान व्यावसायिक खेतीमा लागेको स्थानीय राजीव भट्टराईले बताए । खेती हुने ग्रामीण क्षेत्रमा जडान गरिएको डिप ट्युबेलबाट सिँचाइ सुविधा पु-याइएपछि उत्पादनसमेत बढेको बताइएको छ । उपभोक्ता समितिमार्फत निर्माण गरिने भएकाले उपभोक्ताको आवश्यकता अनुसार आउटलेट राखिँदा कृषकलाई सिँचाइ गर्न सहज भएको छ ।

उत्पादकत्वमा वृद्धि तथा कृषकको खेतमा सिँचाइ सुविधा पु-याउन भूमिगत सिँचाइ प्रणाली प्रभावकारी भएको कृषकको भनाइ छ । नहरको सुविधा नभएको क्षेत्रमा आकासे पानीमाथि निर्भर रहनुपर्ने किसानका लागि यो प्रविधिले किसानलाई राहत मिलेको छ ।



# फुटबलमय बन्यो पूर्वी क्षेत्र

**दमक/** यस बेला कोशी प्रदेश फुटबलमय बनेको छ । एक पछि अर्को गर्दै लगातार भई रहेका प्रतियोगीताहरूले फुटबल क्षेत्रलाई चलायमान बनाएको छ ।

पूर्वमा खेलकुद क्षेत्रको एउटा गर्विलो 'टुर्नामेन्ट'को रूपमा रहेको विराटगोल्डकप केहि दिन अघि सक्यो । चैत २८ देखि चलेको यो प्रतियोगीतामा भारतको एक सहित ८ टिम सहभागी थिए । सो प्रतियोगीताको ३८ औं संस्करण झापा ११ ले जित्यो ।

यस्तै ईटहरी गोल्डकपको सोह्रौ संस्करण पनि हालै सम्पन्न भएको छ । मोरङको युवा समाजले सहभागिता जनाएको पहिलोपटकमै इटहरी गोल्डकपको १६ औं संस्करणको उपाधि हात पारेको छ । मोरङको गछियाको क्लबले सोमबार राति इटहरीको रङ्गशालामा सम्पन्न फाइनलमा प्लानिङ ब्वाईज युनाइटेड काठमाडौंलाई एक शुन्यले स्तब्ध बनाउँदै उपाधि हात पारेको हो । दुई विदेशी टोलीसहित ८ क्लबले सहभागिता जनाएको गोल्डकप चैत्र ३० गतेबाट सुरू भएको थियो ।

यसै बेला पूर्वी पहाडी जिल्ला ईलाममा पनि ईलाम गोल्डकप चलि रहेको छ । तेस्रो अन्तर्राष्ट्रिय आमन्त्रण इलाम गोल्डकप २०८३ वैशाख ५ देखि १२ सम्म आयोजना भएको हो । प्रतियोगितामा नेपाल, भारत र मलेसियाका ८ टिम सहभागी छन् । प्रतियोगिताको फाइनल खेल वैशाख १२ मा हुनेछ । फाइनल विजेताले नगद १० लाख र उपविजेताले ५ लाख रूपैयाँ पुरस्कार पाउनेछन् । यस अघि गत फागुनमा पूर्वकै ठुलो मध्येको झापा गोल्डकप पनि सम्पन्न भएको थियो । सो सातौं झापा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि मच्छिन्द्र फुटबल क्लबले जितेको थियो । सो प्रतियोगितामा घरेलु टोली झापा-११ सहित भुटान, भारत र मलेसियाको गरी १० टिमको सहभागिता थियो । झापा गोल्डकप २०७२ सालदेखि सञ्चालन हुँदै आएको छ । यस्तै गत फागुनमै बुढा सुव्वा गोल्डकप पनि धरानमा सम्पन्न भयो ।

यस्तै नेपालकै सर्वाधिक पुरस्कार राशिको 'प्रथम ओम साई पाथिभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकप' फुटबल प्रतियोगिता शनिबारदेखि भद्रपुरमा सुरू भएको छ।प्रतियोगितामा नेपाल, भारत र भुटानका गरी जम्मा १० वटा टोलीहरु सहभागी छन्। यस प्रतियोगिताको विजेताले नेपाली महिला फुटबल इतिहासकै उच्च राशि ११ लाख रूपैयाँ र उपविजेताले ५ लाख रूपैयाँ प्राप्त गर्नेछन् । साथै, विधागत उत्कृष्ट खेलाडीहरु र प्रशिक्षकलाई पनि आकर्षक नगद पुरस्कारको व्यवस्था गरिएको छ ।

यसरी नयाँ खेलाडी उत्पादन र खेल पर्यटनका लागि महत्वपूर्ण मानिएका खेल प्रतियोगीताहरूको निरन्तरताले पूर्वको खेलकुद क्षेत्र चलायमान बनेको छ । खेलकुद मध्ये पनि फुटबलमा पूर्वी नेपालबाट दर्जनौ राष्ट्रिय खेलाडीहरू उत्पादन भई सकेका छन् । तर स्तरीय पूर्वाधार अभावका कारण अझै पनि नेपाली फुटबल क्षेत्र कामचलाउ मैदान, सुविधा र पूर्वाधारमा चलि रहेको छ ।

# झापामा पेलेट उर्जा उत्पादन शुरु



**भद्रपुर/** वैकल्पिक उर्जाको रूपमा झापामा पेलेट उर्जाको व्यवसायीक उत्पादन शुरू भएको छ । स्थानीय कच्चा पदार्थ प्रयोग गरी वैकल्पिक ऊर्जा ब्रिकेट उत्पादन गर्दै आएको झापाको पराजुली बायोमास ब्रिकेट उद्योगले अब पेलेट ऊर्जा उत्पादन पनि सुरु गरेको हो ।

मेचीनगर नगरपालिका-१५ मा अवस्थित सो उद्योगले नयाँ मेशिनको पूजा गरी औपचारिक रूपमा उत्पादन प्रारम्भ गरेको हो ।उद्योगका सञ्चालकद्वय चण्डीप्रसाद पराजुली र आदित्य पराजुलीले संयुक्त रूपमा मेशिन सञ्चालन गर्दै पेलेट उत्पादनको थालनी गरेका हुन् । उनीहरूले स्थानीय स्रोत र प्रविधिको उपयोग गरेर हरित ऊर्जाको प्रवर्द्धन गर्ने उद्देश्यले यो पहल अघि बढाइएको बताए । पेलेट ऊर्जा विशेषगरी चिया उद्योग, सिमेन्ट, इँटा तथा फलाम उद्योगहरूमा इन्धनका रूपमा प्रयोग हुने गर्छ । वातावरणलाई प्रभाव पार्ने पत्थरकोइला तथा अन्य जीवाश्म इन्धनको विकल्पका रूपमा पेलेट ऊर्जा प्रभावकारी बन्ने विश्वासका साथ यसको उत्पादन सुरू गरिएको उद्योगका व्यवस्था निर्देशक आदित्य पराजुलीले जानकारी दिए । उद्योगहरूलाई सस्तो, दिगो र वातावरणमैत्री पेलेट ऊर्जा उपलब्ध गराइने पनि उनले बताए ।

उद्योगका अनुसार, नयाँ जडान गरिएको मेशिन १२ घण्टा सञ्चालन हुँदा करिब ७० हजार किलोसम्म पेलेट उत्पादन गर्न सक्ने क्षमता राख्छ । यो उत्पादन क्षमताले स्थानीय बजारको माग पूरा गर्नुका साथै अन्य जिल्ला र छिमेकी मुलुक भारतमा समेत निर्यात हुने सम्भावना रहेको पराजुलीको भनाइ छ । उनले उत्पादन सुरू हुनुअघि नै नेपालगञ्जको एउटा स्टिल उद्योगले पेलेटको माग गरेको छ भने भारतबाट पनि माग आएको जानकारी दिएका छन् ।

पेलेट उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थहरु पूर्ण रूपमा स्थानीय स्तरमै उपलब्ध हुने गरेको छ । खेर जाने भेनियर सिट, उखुको खोस्टा, सुकेका पातपतिंगर, बाँसका चोइटा तथा विभिन्न कुकाठका टुक्राहरूलाई प्रशोधन गरी पेलेट तयार गरिन्छ । यसले फोहोर व्यवस्थापनमा समेत सहयोग पुर्‍याउने र वातावरण प्रदूषण कम गर्ने उद्योगका अध्यक्ष चण्डीप्रसाद पराजुलीले बताए ।

जानकारी

# हेपिने गरेको गुणकारी लट्टे



सामान्यतया रोप्नु पनि नपर्ने, मल र गोडमेल पनि नचाहिने तर सिजन भए पछि आँफै उम्रिने गरेको लट्टेको साग धेरैबाट हेपिएको तर पोषिलो तरकारी हो । लट्टे, अहिलेको मौसमी साग । यो यस्तो साग हो, जसलाई न उमार्न गाह्रो छ, न पकाउन । त्यसमाथि पोषणयुक्त पनि । यतिको गुणी साग भएर पनि हामीमध्ये धेरैले लट्टेको सागलाई हेला गरिरहेका हुन्छौं । जबकि यो हाम्रो पुरानो रैथाने खानेकुरा हो ।

**के पाइन्छ लट्टेमा ?**

लट्टेको साग निकै स्वास्थ्यवर्द्धक मानिन्छ । यसबाट हाम्रो शरीरलाई आवश्यक खनिज पदार्थ प्राप्त गर्न सकिन्छ । अर्थात् लट्टेको सागमा खनिज तत्व फलाम, क्याल्सियम र म्याग्नेसियम पाइन्छ । भिटामिन इ, भिटामिन सी र फोलिक एसिडको स्रोत पनि हो यो ।

लट्टे मात्र कहाँ हो र लट्टेको दाना पनि उत्तिकै उपयोगी मानिन्छ । लट्टेको दाना बालबच्चा, गर्भवती आदिका लागि निकै लाभदायक हुन्छ । यसलाई जुनसुकै खानेकुरासँग पनि मिसाएर खान सकिन्छ । विगतमा कुपोषणबाट बच्न समेत लट्टेको दाना सेवन गरेको पाइन्छ ।

**कसरी पकाउने ?**

लट्टेलाई आफ्नो स्वादअनुसार जसरी पनि पकाउन सकिन्छ । सामान्य सागपात जस्तै यसलाई पकाएर सेवन गर्न सकिन्छ । आलुसँग मिसाउँदा पनि काइदा हुन्छ । गोलभेडासँग मिसाएर छिपछिप रस हाल्दा पनि कम्ता स्वादिलो हुँदैन । बफ्याएर अचार बनाउँदा पनि हुन्छ । कतिपय ठाउँमा लट्टेको दानालाई भुटेर मह अनि घिउसँग मिसाएर पनि सेवन गरिन्छ ।

**कहाँ पाइन्छ लट्टे ?**

लट्टे जतातते पाइन्छ, पहाडदेखि तराईसम्म । पूर्वदेखि पश्चिमसम्म । तर, भूगोलअनुसार यसलाई भिन्न भिन्नै नामले चिनिन्छ । सुदूरपश्चिममा यसलाई चौलाई भनिन्छ । तराईमा रामदान वा गेन्हारी साग, पहाडमा लट्टे वा लुँडे ।

**कहिले पाइन्छ ?**


लट्टेको साग चैत्र-वैशाखको महिनामा पाइन्छ । यो सिजनमा खेतबारीमा आफैँ उम्रिन्छ । रोप्नुपर्ने झन्झट पनि हुँदैन ।

**हेपिएको तरकारी**

यति गुणी भएर पनि लट्टेको सागलाई धेरैले हेप्ने गरेका छन् । कतिले त लट्टेको सागलाई धेरैले उखेलेर फ्यालिन्छन् । जबकि यसलाई उपभोग गर्न सकियो भने छाक टार्न वा जिब्रोको स्वाद फेर्न मात्र होइन, स्वास्थ्य लाभ पनि लिन सकिन्छ । करेसाबारी वा बार्दली, छतमा गमलामा रोपेर पनि लट्टेको साग उपभोग गर्न सकिन्छ । अहिले कतिपय भेगमा भने लट्टेको सागको व्यवसायिक खेती सुरु गरिएको पाइन्छ ।

**मनकामना डेन्टल केयर**
विशेष अफरका साथ

यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।



**Dr. Nabin Kant Chaudhary**
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332

**दमक-६, थानारोड (झापा)**
Call : 9819041615/9810315415

## पुस्तक-साभार

# सफल वक्ता कसरी बन्ने

✍सं. विनिता पौडेल

गतांकबाट......

## सम्भावना नै सबै कुरा हो

यो कयौं मानिसको लागि एक उल्लेखनीय विचार हुनसक्छ । नोकरीपेशामा मानिस कयौ पटक कामलाई यसरी हेर्छन् मानौं यो उनीहरूको स्कुलकै अर्को सिंढी हो । जब उनीहरू हुर्किरहेका थिए तब उनीहरूको के सोच थियो भने स्कूल यस्तो स्थान हो जहाँ तपाई समाजमा घुलमिल हुने तौर तरिका सिक्नुहुन्छ । तपाई जरूरी पाठ्यक्रम त लिनुहुन्छ तर तपाईलाई लाग्छ, सबैभन्दा राम्रो समय त ब्रेकको हुन्छ जब तपाई आफ्ना साथीसँग गफ गर्नु हुन्छ । स्कूल एक खालको नाटक बन्छ ।

कयौं मानिसहरू सोच्छन्, जब उनीहरू पहिलो नोकरी गर्छन् तब त्यो स्थान पनि यस्तै हो जहाँ साथीसँग समय बिताउनु हो। यही कारण हो, मानिस कामको आधा समय त मानिससँग भेटघाट गर्नमा या साथी या परिवारसँग टेलिफोनमा कुराकानी गर्नमा बिताइदिन्छन् । कामलाई त त्यसै पनि समयको ठूलो भाग मानिन्छ जहाँ तपाईं स्कूल झै खेल्ने कुदने गर्नुहुन्छ । जब बोसले देखिरहेको छ तब तपाईं घेर थोर काम गर्नुहुन्छ, तलब लिनुहुन्छ र घर जानुहुन्छ ।

तर यो तपाईंको लागि सही हैन । यदि तपाईं सफल हुनको लागि दृढ संकल्प हुनुहुन्छ र सबैभन्दा धेरै तलब पाउन चाहनु हुन्छ भने तपाईले कामको पूरा समय काम नै गर्नुपर्ने छ । जब तपाई काम गर्नको लागि जानुहुन्छ तब पूरा मन लगाएर पूरा समय कामलाई दिनुस् ।

**सहकर्मीसँग मिलजुल**

कयौं मानिसको कस्तो मिथकमा विश्वास हुन्छ भने तपाईंले आफ्ना सहकर्मीसँग मेलजोल बढाउनको लागि धेरै समय दिनुपर्छ । उनीहरू भन्छन्, 'काम त मजाले गर्ने हो।" एक हदसम्म यो ठीक पनि हो । निश्चित नै तपाईंको लागि के महत्त्वपूर्ण छ भने तपाईंको व्यवहार सकारात्मक र सहयोगात्मक हुनुपर्छ । तर यो तपाईं सधैं केही क्षणको चर्चा सँगै प्राप्त गर्न सक्नुहुन्छ । यसको लागि तपाईंले खेल, टीभी शो, पारिवारिक गतिविधि जस्ता कुराको चर्चामा पूरा घण्टा बिताउन जरूरी छैन । तपाईको जिम्मेदारी कामको समयमा पूर्ण रूपमा काम गर्नु नै हो । जब तपाईं काम गर्नुहुन्छ, तब तपाईं केवल काम गर्नुहुन्छ । तपाईं कामको समयमा घोवीकोबाट लुगा ल्याउने काम गर्नुहुन्न । तपाईं कामको समयमा आफ्ना साथीसँग मेलजोल या परिवारका मानिससँगको चर्चामा समय बिताउनु हुन्न, तपाईं लामो कफी र लञ्च ब्रेक लिनुहुन्न । तपाई कामको पूरा समय काम नै गर्नुहुन्छ । तपाईं निश्चित समयमा संभव हर काम गर्न प्रति समर्पित हुनुहुन्छ ।

**काममा जुट्नुस्**

तपाईंको लक्ष्य संस्थाको सबैभन्दा मेहनती व्यक्ति बनेर कम्पनीको ख्याति चारैतिर बढाउने हो । यदि कोही तपाईंसँग टाइम पास गर्न चाहन्छ भत्ते उसलाई प्रष्टसँग भनिदिनुस् कि पहिला म काम सकाउने छु त्यसपछि गफ गरौला, तर अहिले काममा जुट्नुस् । आफैसँग भनिरहनुस्, 'काममा जुट्नुस्, काममा जुट्नुस् । क्रमशः

मनोरञ्जन

# 'जिरो डिग्री' को छायाङ्कन सकियो




डार्क कमेडी विधाको चलचित्र 'जिरो डिग्री' को छायाङ्कन सम्पन्न भएको छ। मेघौली फिल्म्सको ब्यानरमा निर्माण भएको यस चलचित्रको ३७ दिनको नियमित तालिकापछि छायाङ्कन सकिएको हो । चलचित्रको सम्पूर्ण छायाङ्कन पोखरा आसपासका रमणीय तथा मौलिक बस्तीहरू अर्मलाकोट, धिताल, घार्मी र बगरमा गरिएको छ । छायाङ्कनका क्रममा निर्माण टोलीले मौसमको ठुलो चुनौती सामना गर्नु परेको थियो ।

हरेक दिनजसो पानी परिरहे पनि सुटिङलाई निरन्तरता दिइएको थियो भने अन्तिम समयतिर लगातार ३० घण्टासम्म पनि छायाङ्कन गरिएको थियो । यस्तो कठिन परिस्थितिमा पनि सेटको माहोल निकै रमाइलो र ऊर्जावान् रहेको निर्देशक आकाश बरालले बताएका छन् । सजन काफ्ले र आकाश बरालको संयुक्त निर्देशन तथा पटकथा रहेको यस चलचित्रमा अभिनेता विजय बराललाई दर्शकले अहिलेसम्मकै फरक अवतारमा देख्न पाउनेछन् ।

**'सारथी' मा आउँदैछिन् निरुता**

कुमार गजुरेलको निर्देशन रहने फिल्म 'सारथी' शुभमुहूर्त गरिएको छ। सोमबार काठमाडौंस्थित भद्रकाली मन्दिरमा फिल्मको शुभमुहूर्त भएको हो । शुभमुहूर्तसँगै निर्माण युनिट फिल्म सुटिङका लागि म्याग्दीको गुर्जा खानी प्रस्थान गरेको हो । फिल्मको छायाङ्कन वैशाख ९ गते बुधबारबाट सुरु हुनेछ। करिब ४० दिनको छायाङ्कन सेड्युल रहेको फिल्मका निर्माता बरिष्ठ सम्पादक तारा थापा 'किम्भे' रहेका छन् ।

किम्भे प्रोडक्सन तथा धीरज इन्फिनिटी फिल्मस्को सहकार्यमा निर्माण हुन लागेको फिल्ममा उत्तम प्रधान, निरुता सिंहको जोडी रहनेछ । करिब दुई दशकपछि पुनः एकसाथ यो जोडी पर्दामा देखिन लागेको हो । फिल्ममा उत्तम र निरुताको अलवा कुन्द श्रेष्ठ, सम्रान्त थापा, गिरी विश्वकर्मा, गायत्री जोशी, मदन थापा, मिलन खड्का, रश्मी गुरुङ, तुलसी राई, आशा विश्वकर्मा लगायतका कलाकारको अभिनय रहनेछ । सौर्यल थापा निर्माता रहेको फिल्मको कार्यकारी निर्माता रदिप श्रेष्ठ र प्रदिप रायमाझी हुन् ।




आज मिति
२०८३ साल
वैशाख १० गते
बिहीबार
23 April 2026
तिथि: सप्तमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना: क्याम्पस मोड,
सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा जोश जाँगर बढ्ने । आफन्तबाट सरसहयोग । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पढाईमा सफलता । लगानीमा राम्रो चल्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | पारीवारिक समस्या । खर्चमा वृद्धि । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | परिश्रम अनुसारको फल प्राप्ती नहुने । मन दोधार । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | नयाँ ठाउँको भ्रमण योग । खर्चको मात्रा बढेर जाला । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मित्रहरु दाहिना होलान् । ब्यापार व्यवसायबाट लाभ । |
| तुला | रा री रु रे रो ता ती तु ते | खर्च बढ्ने । मन खिन्न । अध्ययनमा सफलता । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मानसम्मान प्राप्ती । दाजु, काकाबाट सहयोग । |
| धनु | य यो भा भी भ धा फा ढ भे | मित्रबाट सहयोग । आर्थिक उन्नती । |
| मकर | भो जा जी खि खू खे खो गा गी | साथीभाईको प्रगती । कार्यमा सफलता । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | दुर्घटनाको भय । शत्रु बढ्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | प्रेममा सफलता । पारीवारिक सुख । |

# द एभरेष्ट १५ औं वर्षमा

**दमक/** झापाको दमक स्थित द एभरेष्ट वचत तथा ऋण सहकारी संस्था १५ औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा संस्थाले बुधबार आफ्नै कार्यालय परिसरमा विभिन्न कार्यक्रम गरेको छ । दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाँईको प्रमुख आतिथ्यमा भएको वार्षिकोत्सव समारोहमा रक्तदान कार्यक्रम समेत गरिएको थियो । नेपाल रेडक्रस सोसाईटी उपशाखा दमकको प्राविधिक सहयोगमा भएको कार्यक्रममा १७ महिला सहित ५१ जनाले रक्तदान गरेको संस्थाका सहव्यवस्थापक धर्मानन्द भट्टराईले जानकारी दिए । संस्थाका अध्यक्ष दीपक खरेलको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सञ्चालक सुवाश गड्तौलाले स्वागत मन्तव्य राखेका थिए ।

२०६८ सालमा स्थापना भएको संस्थाले कमल, कन्काई, विर्तामोड, बुधबारे र उर्लाबारीमा सेवा कार्यालय समेत स्थापना गरि सेवा प्रदान गर्दै आएको जनाईएको छ । संस्थामा हाल ४ करोड ४८ लाख २७ हजार ७ सय रूपैयाँ शेयरपुँजी पुगेको र ४५ करोड ९२ रूपैयाँ भन्दा बढिको सम्पत्ती रहेको संस्थाले जनाएको छ ।

सोहि असवरमा संस्थाले आयोजना गरेको अत्तर सेवाकेन्द्र हाँजिरी जवाफ प्रतियोगीतामा मुख्य कार्यालयको टोली पहिलो भयो । सुरूङ्गा सेवा केन्द्र दोश्रो र बुधबारे सेवा केन्द्र तेश्रो भएको संस्थाका व्यवस्थापक युवराज सिग्देलले जानकारी दिनुभयो । प्रतियोगीतामा उत्कृष्ट नजिता ल्याउने टोलीहरूलाई नगद पुरस्कार प्रदान गरिएको थियो ।

# दशगजामा संयुक्त सरसफाई

**ईटहरी/** सुनसरीको कोशी गाउँपालिका-८, भण्टाबारी र भारतको भीमनगर सीमानाका दसगजा क्षेत्रमा नेपाल र भारतीय सुरक्षाकर्मीको संयुक्त सरसफाइ अभियान सुरू भएको छ । नेपाल भारतको दसगजा क्षेत्रमा दुइ देशीय सुरक्षाकर्मीले संयुक्त सरसफाइ अभियान सञ्चालन गरेको हो ।

सुनसरीको भण्टाबारी र भारतको भीमनगरसँग जोडिएको नेपाल भारतको सीमा क्षेत्रको दसगजा क्षेत्रमा फोहरले गर्दा हिँड्डुल गर्न समेत समस्या भएको गुनासो आएपछि त्यहाँ संयुक्त सरसफाइ अभियान चलाएको हो । सशस्त्र प्रहरी र नेपाल प्रहरी तथा भारतको एसएसबीको संयुक्त टोलीले अभियान सञ्चालन गरेको हो । सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा मुल्म हे.क्वा. हरिपुर सुनसरीका सशस्त्र प्रहरी नायब उपरीक्षक शमशेर कार्की, इलाका प्रहरी कार्यालय भण्टाबारीका इन्चार्ज, भारतका तर्फबाट सशस्त्र सीमाबल शैलेशपुरका कमान्डर एस जिडी नन्दलालसमेतको संयुक्त टोलीले सरसफाइ अभियान सञ्चालन गरेको हो दुबै देशका सहभागी सुरक्षाकर्मीहरूले नेपाल र भारतको दसगजा क्षेत्रमा रहेको फोहेरहरूलाई पन्छाउन र व्यवस्थित गर्दै अभियानलाई तीव्रता दिएको छ। सशस्त्र प्रहरी नायब उपरीक्षक कार्कीले दसगजामा रहेको फोहोरले गर्दा साँझ बिहान हिँड्डुलमा समेत समस्या भएपछि संयुक्त सरसफाइ अभियान सञ्चालन गरिएको बताएका छन् ।

# हिमाली जिल्लामा साहसीक खेल

**सोलु/** हिमाली जिल्ला सोलुखुम्बुमा समेत नयाँ साहसीक खेल विस्तार भएको छ । जिल्लाको नेचासल्यान गाउँपालिका गौरीटापमा पहिलो पटक जिपलाइन सञ्चालनमा आएको छ । नेचासल्यान गाउँपालिकाले पर्यटन प्रवर्धन गर्ने उद्देश्यले समुद्री सतहभन्दा करिब तीन हजार मिटर उचाइमा अवस्थित पर्यटकीयस्थल पत्तालेको सिमाना गौरीटापमा जिपलाइन निर्माण गरी सञ्चालन गरेको हो। आन्तरिक तथा बाह्य पर्यटकलाई जिल्ला भित्र्याई नागरिकको आयआर्जनमा वृद्धि गर्न, छिमेकी जिल्ला र छिमेकी स्थानीय तहमा समेत पर्यटन प्रवर्धनमा सघाउ पुर्‍याई ग्रामीण पर्यटनमा टेवा गर्ने उद्देश्यसाथ पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण गरिएको नेचासल्यान गाउँपालिका अध्यक्ष धनजन राईले जानकारी दिए ।

नेचासल्यान गाउँपालिकाको ८० लाख रुपियाँ लागतमा साहसिक खेल जिप लाइन, साइक्लिङ, स्वीमिङ, क्लाम्बिङ र भ्यू पोइन्ट गरी पाँच प्रकारका मनोरञ्जन स्थल निर्माण गरिएको गाउँपालिका अध्यक्ष राईको भनाइ छ । उनका अनुसार प्राकृतिक सौन्दर्यताले भरिपूर्ण हुनुका साथै करिब १२ प्रकारका लालीगुराँस फूल्ने स्थान गौरीटापमा सुरु गरिएको जिपलाइनले आन्तरिक तथा बाह्य पर्यटकहरूको ध्यान खिच्ने छ । योजना निर्माणका लागि कालिका निर्माण सेवासँग गाउँपालिकाले २०८२ साउन ११ गते सम्झौता गरेको नेचासल्यान गाउँपालिका पूर्वाधार विकास शाखाका इन्जिनियर सुजन शर्माले जानकारी दिए ।

उनका अनुसार २०८२ चैतमा योजना सम्पन्न गर्ने लक्ष्य अनुसार योजना सम्पन्न गरी नयाँ वर्षको अवसर बनाएर २०८३ वैशाख १ गते गाउँपालिकालाई हस्तान्तरण गरी ५५० मिटर लम्बाई रहेको जिपलाइनको उदघाटन गरिएको हो ।

***रोकिएन......*** यी दुवै जिल्ला मणिपुरको उत्तर-पूर्वी पहाडी क्षेत्रमा पर्छन् । यी जिल्ला भारतको अर्को राज्य नागाल्यान्डसँग सिमाना जोडिएका छन् र भौगोलिक रूपमा दुर्गम रहेका छन् । अप्रिल ७ यता विभिन्न जिल्लामा भएका आक्रमण, गोलीकाण्ड र झडपका घटनाले अवस्था झनै तनावपूर्ण बनेको हो । विष्णुपुर जिल्लामा भएको बम आक्रमणमा दुई बालबालिकाको ज्यान गएपछि हिंसा थप चर्किएको हो । घटनाको विरोध प्रदर्शनमा सुरक्षाकर्मीले गोली चलाउँदा थप तीनको मृत्यु भएको थियो ।

पूर्व र पश्चिम, थौबल, काकचिङ र विष्णुपुरलगायत जिल्लामा विरोध प्रदर्शन जारी छ । हजारौं प्रदर्शनकारी सडकमा उत्रिएका छन् भने रातको समयमा कर्फ्यु उल्लंघन गर्दै मशाल जुलुस निस्कने क्रम जारी रहेको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन् । भारतीय राष्ट्रिय कांग्रेसले घटनाको समयसीमा तोकेर छानबिन, पीडितलाई क्षतिपूर्ति र शान्ति स्थापनाका लागि तत्काल कदम चाल्न माग गरेको छ । मणिपुर सरकारले उक्त घटनाको निष्पक्ष छानबिनका लागि राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) लाई जिम्मा दिने निर्णय गरेको छ ।

## दमक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

## नगर प्रहरीको परिक्षा सम्बन्धी सूचना

मिति: २०८३।०१।९

दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय दमक झापामा नगर प्रहरीका लागि रिक्त रहेका केही पदहरुमा करार सेवाद्धारा नया भर्ना गर्न मिति २०८२/०२/१२ गते सूचना प्रकासन गरी आवेदन माग गरिएकोमा केही कठिनाई भई भर्ना छनौट कार्य प्रक्रिया रोकिएको हुँदा मिति २०८२/१२/२३ गते उक्त पदहरुको भर्ना छनौट प्रक्रिया अघी वढाउने निर्णय भए बमोजिम नगर प्रहरीको विभिन्न पदमा (नगर प्रहरी बल निरिक्षक, हवल्दार, जवान) आवेदन दिने व्यक्तिहरुले मिति २०८३/०१/२३ गते कार्यालय समय भित्र प्रशासन शाखामा प्रवेश पत्र लिन नेपाली नागरिकता प्रमाणपत्र सहित सम्पर्क राख्नुहुन सम्बन्धित सवैमा जानकारी गराईन्छ । आवेदकहरुको परिक्षा छनौट विधी, मिति, समय र स्थान देहाय बमोजिम रहनेछ ।

| क्रस | चरण | विधि | मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| १ | पहिलो चरण | प्रारम्भिक शारीरिक परिक्षण | २०८३/०१/२५ | विहान १०.०० बजे | दमक नगरपालिका |
| २ | दोस्रो चरण | तन्दुरुस्ती परिक्षण | २०८३/०१/२६ | | |
| ३ | तेस्रो चरण | विस्तृत स्वास्थ्य परिक्षण | २०८३/०१/२७ | | |
| ४ | चौथो चरण | लिखित परिक्षा | २०८३/०१/३० | विहान ८.०० बजे | |
| ५ | पाचौ चरण | अन्तर्वार्ता | २०८३/०१/३१ | विहान ८.०० बजे | |

***विराटनगगर.....*** गठित ५ सदस्यीय समितिले ठेला व्यवस्थापन, पार्किङ क्षेत्र निर्धारण र ट्राफिक प्रवाहबारे अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्नेछ ।

***गृहमन्त्री......*** माध्यमबाट आलोचना भए पछि उनीहरू पदबाट हटेका हुन् । यसअघि आफ्नी श्रीमतीलाई बिमा बोर्डको सदस्यमा अनधिकृत रुपमा सहभागी गराउने भूमिका खलेको भन्दै विवादमा परेपछि श्रममन्त्री दीपककुमार साह १३ दिनमै बाहिरिएका थिए । उनलाई तत्कालै पदबाट फिर्ता बोलाउने निर्णय गर्दै रास्वपाले प्रधानमन्त्रीलाई सिफारिस गरेको थियो । त्यही सिफारिसका आधारमा साहलाई हटाइएको थियो । अहिले सरकार बनेको २६ दिनमा गृहमन्त्री सुधन गुरुङले राजीनामा दिएका हुन् ।

***सागको.....***

प्रहरीले पक्राउ गरेर अनुसन्धान सुरु गरेको जनाएको छ। ५० वर्षीया खातुनले हातमा बोकेको कालो प्लास्टिकको झोलाभित्र पाटाको सागको मुठामा लुकाएर ल्याउँदै गरेको अवस्थामा प्लास्टिकसहित चार ग्राम १४० मिलिग्राम र प्लास्टिकबाहेक ३ ग्राम ७४० मिलिग्राम ब्राउन सुगर फेला परेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । यसैगरी मङ्गलबार राति दमक नगरपालिका-८, किरात चोकका २२ वर्षीय एलिसराज खरेललाई ब्राउन सुगरसहित प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय दमकबाट खटिएको टोलीले घरमा खानतलासी गर्दा सुत्ने कोठाको खाटमुनि लुकाइ राखेको अवस्थामा प्लास्टिकसहित छ ग्राम ९७० मिलिग्राम र प्लास्टिकबाहेक पाँच ग्राम ७३० मिलिग्राम ब्राउन सुगर तथा डिजिटल तराजु बरामद गरेको जनाइएको छ ।

***सुदन.....*** र मित्रवत सम्बन्ध यथावत् रहने विश्वास लिएको छु ।' पार्टी परित्याग गरे पनि राजनीतिबाट भने उनी टाढा नहुने उनले बताएका छन् । उनले जनसमुदायको भरोसा र सहिदको अधुरो सपनालाई आत्मसाथ गर्दै देश र जनताको सेवा तथा समाज रूपान्तरणको यात्रामा निरन्तर लागिरहने प्रतिवद्धता जनाएका छन् ।

***दमक......*** कार्यालय भित्र छिरि भित्री कोठाहरूमा लगाईएका तीनवटा ताला समेत फुटाएको पाईएको छ ।

SCAN ME


## कर्मचारी आवश्यकता

**उपरोक्त सम्बन्धमा यस दीप ज्योति बचत तथा ऋण सहकारी संस्था लि.लाई केही कर्मचारी आवश्यकता परेको हुदाँ ईच्छुक नेपाली नागरिकबाट दरखास्त आब्हान गरिएको छ ।**

**तपसिल :**

- पद : बजार प्रतिनिधि (केही)
- शैक्षिक योग्यता : SEE उत्तीर्ण वा सो सरह ।
- उमेर : १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
- आवश्यक कागजातहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि ।
- तलब स्केल : संस्थाको नियम अनुसार ।
- निवेदन शुल्क : रु १००।-
- दरखास्त दिने अन्तिम मिति : २०८३ बैशाख १६ गते ।

**नोट : सहकारी क्षेत्रमा अनुभव भएको तथा स्थानीयलाई प्राथमिकता ।**

**दीप ज्योति बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-५, झापा (फोन: ०२३-५७१६११/९८४२६६६४७४)


## एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
**प्रधान कार्यालय, एशियन लाईफ भवन, मैतिदेवी, काठमाडौं**

## बीमालेख हराएको सूचना

यस कम्पनीको दमकबाट जारी भएको तपसिल बमोजिमरुरु बीमालेख हराएकोले सो को प्रतिलिपि बीमालेख जारी गरी पाउँ भन्ने ब्यहोरासहितको निवेदन सम्बन्धित बीमितहरुबाट यस कम्पनीमा प्राप्त भएको छ । सो बीमालेख उपर कोही कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र यस कम्पनीको प्रधान कार्यालयमा प्रमाण सहित निवेदन दर्ता गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग बमोजिम सम्बन्धित बीमितको नाममा प्रतिलिपि बीमालेख जारी गरिने ब्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

**तपशील**

| क्रस | बीमालेख नं. | नाम | ठेगाना |
|---|---|---|---|
| 1 | 58110006052 | Tanka Kumari Chauhan | Damak |
| 2 | 58110006051 | Tanka Kumari Chauhan | Damak |

## भाखा नाघेको कर्जा बुझाउन ल्याउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयबाट तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हाल सम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनी आलटाल गरी बुझाउनु पर्ने रकम नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम बुझाउन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ र यस बैंकको नियम बमोजिम कर्जा लिँदा बैंक लाई लेखिदिएको धितो लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने जानकारी गराउँदछौ । साथै सो धितोले नपुग भएमा निजको अन्य सम्पत्ति समेत लिलाम गरी असुल गर्ने अधिकार बैंकमा रहेको यसै सुचनाबाट जानकारी गराउँदछौं । साथै निम्न व्यक्तिहरुलाई बैंकबाट कर्जा लिदा अफ्नो सम्पत्ति धितो राख्न मञ्जुरी दिने व्यक्तिलाई समेत यसै सुचना मार्फत जानकारी गराउदछौं ।

**जिल्ला: झापा**

**कार्यालय: कृषि विकास बैंक लि. शाखा कार्यालय दमक**

तपशील

| क्रस. | ग्राहकको नाम | ग्राहक नं. | ठेगाना | बाजे/ससूरा | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | सांवा | मिति २०८३।०१।०८ सम्मको बाकी व्याज तथा अन्य रकम | जम्मा तिर्नूपर्ने रकम | धितो मञ्जूरीनामा दिनेको नाम | कैफियत (पत्रिका खर्च) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बेला क्रिएसन (प्रो.बिनू राई) | १३६४१०८ | दमक न.पा.०५, झापा | ससूरा: छविलाल राई | पिता: लाल ब.कूमाल पति: विजय कूमार राई | व्यापार कर्जा | ७३४९३६।४२ | २९२०७९९ | ७६४१४४।४१ | विजय कूमार राई | |
| २ | चन्द्र कृषि फर्म (प्रो.शशी नेम्बाङ) | १३७३९२७ | कमल गा.पा.०७, झापा | ससूरा: हर्क ब.लिम्बू | पिता: चन्द्र बहादूर पति: कमल कूमार लिम्बू | कृषि उत्पादन कर्जा | ३७२३६०६।१५ | २२०८६५।१६ | ३९४४४७१।३१ | देकच माया लिम्बू | |
| ३ | कविता निरौला प्रसाई | १०५९१४६ | दमक न.पा.०१, झापा | ससूरा: धर्म प्रसाद प्रसाई | पिता : टंक प्रसाद निरौला पति: भरत कूमार प्रसाई | घरायसी र सरल कषि कर्जा | ४१४२०९६।६९ | १२६९३७९० | ४२६९०३४।५९ | डूका देवी प्रसाई | |
| ४ | सविला अन्सारी | ३५२६१३ | दमक न.पा.०७, झापा | | पिता: मो. इद्रिस अन्सारी पति: ऐनूल हक अन्सारी | व्यक्तिगत ओ.डी. (स्थिर) | ८४०४७४।८३ | १६९३२।६३ | ८५७४०७४६ | | |
| ५ | निशेष राई | १८१०३३९ | चूलाचूली गा.पा. ५, इलाम | बूद्धि बहादूर | फुल बहादूर | सरल कृषि कर्जा | ६५००००।०० | ४७३४५।८६ | ६९७३४५।८६ | फुल बहादूर राई | |
| ६ | अनू टेलर्स (प्रो. कमला दर्जी) | १३६७०४१ | कमल गा.पा. ०६, झापा | ससूरा: धन बहादूर दर्जी | पिता: जीत बहादूर पति: चून प्रसाद दर्जी | व्यापार कर्जा | १००००००।०० | २५६७२०।६४ | १२५६७२०।६४ | | |
| ७ | मानूषी फेन्सी स्टोर्स (प्रो.जीवन नेपाली) | १०६३३३९ | दमक न.पा.०८, झापा | छविलाल दर्जी | दूर्गा प्रसाद दर्जी | व्यापार कर्जा | ४८९३०२।०० | ८५११।६९ | ४९७८१३।६९ | आशिका परियार | |
| | | | | | | | ११५८०४१६।०९ | ७०६५२१।८७ | १२२८६९३७९६ | | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
**प्रदेश कार्यालय विराटनगर**

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल